# लहान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेस प्रदेश, नेपाल
(राजश्व शाखा)

## विज्ञापन कर र सेवा शुल्क संकलन ठेक्का सम्बन्धी शिलवंन्दी टेण्डर आमन्त्रण सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०२/२८ गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिमको यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय वमोजिमको विज्ञापन कर र सेवा शुल्क संकलन गर्न/ गराउन आर्थिक वर्ष २०८३/०८४ (एक) वर्ष अर्थात मिति २०८३ श्रावण १ गते देखि २०८४ साल असार मसान्तसम्मका लागि एकमुष्ट गनीमहसुल/ किस्तावन्दीमा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकाले इच्छुक फर्म, संस्था वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक शिलवन्दी टेण्डर आमन्त्रण गरीन्छ ।

तपशिलः-

| क्र.स. | ठेक्का को नाम | ठेक्काको अवधि | न्यूनतम ठेक अंक रकम रु. (मू.अ.कर, दुर्गा पुजा चन्दा रु आय कर बाहेक) | ठेक्काको किसिम | टेण्डर फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | गुदरीहाट वजार सेवा शुल्क वडा नं. १ देखी १० सम्म एकमुष्ट | २०८३/०८४ | रु.३९,५१,०००।- | ३ (तीन) किस्ता | ३,०००।- |
| २. | खसीवाखा हाटवजार सेवा शुल्क लहान वडा नं. ५ | २०८३/०८४ | रु.५०,००,०००।- | ३ (तीन) किस्ता | ३,०००।- |
| ३. | गुदरीहाट वजार सेवा शुल्क वडा नं. २३ गाढा चोक | २०८३/०८४ | रु.१,३१,०००।- | एकमुष्ट/ २ (दुई) किस्ता | १,०००।- |
| ४. | गुदरीहाट वजार सेवा शुल्क वडा नं. १२ भोटिया टोल | २०८३/०८४ | रु.१,६०,०००।- | एकमुष्ट/ २ (दुई) किस्ता | १,०००।- |
| ५. | विज्ञापन कर लहान नगरपालिका क्षेत्र भित्र | २०८३/०८४ | रु.२९,५०,७७७।- | ३ (तीन) किस्ता | ३,०००।- |

शर्तहरुः-

१. टेण्डर फारम खरिद गर्न ईच्छुक फर्म, संस्था वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व.२०८२/०८३ का लागि नविकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर स्थायी लेखा नम्वर (पान) दर्ता प्रमाण पत्र र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएंको मितिले २१(औं) दिन अर्थात मिति २०८३/०३/१७ गतेसम्म कार्यालय समयभित्र टेण्डर फारम दस्तुर माथि उल्लेख भए वमोजिम (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व शाखाबाट खरिद गर्न सकिने छ ।

प्रमुख प्रशासकिय अधिकृत

२. खरिद गरिएको टेण्डर फारममा उल्लेख भएका सबै विवरणहरु प्रष्टसँग अध्ययन गरी सम्बन्धित पक्षले प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी गरी खाम बाहिर ठेक्काको नाउँ र ठेगानाका साथै टेण्डरदाताको नाम र ठेगाना प्रष्टसँग उल्लेख गरी २२(औं) दिन अर्थात २०८३/०३/१८ गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका टेण्डरहरु सोही दिन दिनको २:०० बजे पछि नगर कार्यपालिकाको कार्यालय, लहानमा टेण्डरदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा टेण्डरदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा समेत रितपूर्वकको टेण्डर खोलिने कार्यमा वाधा पर्नेछैन ।

३. टेण्डर फारम खरिद/ दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

४. टेण्डर फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५. शिलबन्दी टेण्डर फारमसाथ आफूले कबोल गरेको अंक रकमंको ५% ले हुने धरौटी रकम नेपाल बैङ्क लि., लहान स्थित रहेको यस कार्यालयको च.हि.नं.०३६०३०००००३००००००००१ धरौटी खातामा जम्मा गरेको सक्कल बैङ्क भौचर वा सो रकम बराबरको यस कार्यालयको नाउँमा मान्यता प्राप्त वाणिज्य बैङ्कबाट जारी गरीएको बोलकबोल जमानी पत्र (कम्तिमा ७५/१२० दिन म्याद भएको) सक्कल प्रति संलग्न राख्नु पर्नेछ । बीस लाखभन्दा बढी न्यूनतम अंक भएकाको हकमा अनिवार्य १२० दिन म्याद भएको र बीस लाख भन्दा कम न्यूनतम अंक भएकाको हकमा ७५ दिन म्याद भएको हुनु पर्ने । धरौटी रकम टेण्डर फारमसाथ नगद खामी आएमा कार्यालय जिम्मेवार हुने छैन, साथै त्यस्ता टेण्डर फारमहरु अमान्य हुनेछ।

६. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १५ औं दिन दिनको १:०० बजे नगर कार्यपालिकाको कार्यालय, लहानमा हुनेछ । ईच्छुक टेण्डरदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

७. ठेक्का स्वीकृती पश्चात अधिकतम कबोल ठेक्का अंकको अतिरिक्त मू.अ.कर १३%, आय कर १.५% र नगरपालिकाद्वारा सञ्चालित दुर्गा पुजा चन्दा १.५% बुझाउनु पर्नेछ ।

८. अधिकतम कबोल ठेक्का अंक र अतिरिक्त (मू.अ.कर, आय कर र दुर्गापुजा चन्दा) रकम समेत गरी हुने रकमलाई कुल रकम मानि, बीस लाख भन्दा माथिको हकमा तीन किस्तामा र बीस लाख भन्दा कमलाई एकमुष्ट वा दुई किस्तामा कार्यालयमा बुझाउनु पर्नेछ ।

९. सम्झौताको वखत तथा कार्यादेश लिन आउँदा पहिलो किस्ता चलनपट्टा लिनु अगावै र बाँकी दुई/ एक किस्ताको हकमा अनिवार्य रुपमा मान्यता प्राप्त वाणिज्य बैङ्कबाट कार्यसम्पादन जमानीपत्र (परफरमेन्स बन्ड) बुझाएमा मात्र ठेक्का सम्झौता गरीनेछ । पहिलो किस्ता र कार्यसम्पादन जमानीपत्र (परफरमेन्स बन्ड) नबुझाएमा ठेक्का सम्झौता गरीने छैन ।

१०. काबु बाहिरको परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्का अंकलाई आधार मानी कम हुने अवधिको दामासाहीले कम हुन आउने अंकलाई ठेक्का अंक मानिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश, नेपाल

११. शिलवन्दी टेण्डर फारम पेश गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी वा म्याद नाघी आएको टेण्डर उपर कुनै कारवाही हुने छैन ।

१२. प्राप्त टेण्डरहरु कुनै पनि कारण जनाई वा निजलाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. यस कार्यालयमा साविकमा बाँकी वक्यौता राखेका व्यक्ति/ घर परिवार तथा उक्त व्यक्ति आवद्ध फर्म, संस्थालाई ठेक्का प्रकृयामा समावेश गरीने छैन ।

१४. ठेक्का सम्बन्धि अन्य विषयमा जानकारी लिनुपरेमा लहान नगरपालिकाको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

संकलन गर्ने दर-रेटहरु निम्न वमोजिम रहेको छ ।

क. गुदरी हाट बजार सेवा शुल्क संकलन शीर्षकगत दररेट (वडा नं. १ देखि १० सम्म, वडा नं. १२ भोटिया टोल र वडा नं. २३ गाढा)

| सि.नं. | विवरण | रुपैया | कैफियत |
|---|---|---|---|
| ०१ | अम्लीसोको कुचो तथा राडी खरको कुचो बेच्नेबाट लिने प्रति सैकडा | २५।- | |
| ०२ | आलु मन एकको बेच्नेसंग लिने | १०।- | |
| ०३ | लिची वजारमा बेच्नेबाट लिने प्रति सैकडा | ५।- | |
| ०४ | कलमी आँप बेच्नेबाट लिने प्रति मन | २०।- | |
| ०५ | सरही आँप बेच्नेबाट लिने प्रति मन | १५।- | |
| ०६ | परेवा प्रति जोडा बेच्नेबाट लिने | १०।- | |
| ०७ | कुखुरा प्रति थान बेच्नेबाट लिने | १०।- | |
| ०८ | फुटपाथमा कठाजा राख्ने संग लिने प्रति बैठकी (बढीमा ५० बर्ग फिट) प्रति दिन | ७५।- | |
| ०९ | भोलांको पात ठेलाबाट किन्ने व्यापारी संग लिने प्रति भारी | ५।- | |
| १० | फुटपाथमा चुडी तथा लहठी पसल गर्ने संग लिने पसल एकको | १५।- | |
| ११ | फुटपाथमा चामल, च्युरा बेच्नेबाट लिने प्रति ढक्की | ५।- | |
| १२ | घानको ढुटो (भुषा गुन्डा) मन एकको बेच्नेबाट | १०।- | |
| १३ | फुटपाथमा वसी टर्च, लाइट र स्टोव, जुता, छाता मरम्मत तथा चुरा, (चुडी) ढक्कीमा तेल र पिना, कंकड, तमाखु, बाँसको ढक्की, समेत बेच्नेबाट लिने प्रति दिन | २०।- | |
| १४ | सुर्ति राम्रो, सुकेको खुर्सानी, सुकेको हर्दि (वेसार) पसल थापी बेच्नेबाट लिने प्रति मन | १५।- | |
| १५ | फुटपाथमा सुर्ति डांट, काँचो हर्दि अथवा शखरखण्ड, पसल थापी बेच्नेबाट लिने प्रति मन | १०।- | |
| १६ | विभिन्न सँग सब्जी, कटहर, काँक्रा, तरबुजा, खरबुजा आदि साईकलमा ल्याई बेच्नेबाट लिने | १०।- | |
| १७ | विभिन्न सँग सब्जी, कटहर, काँक्रा, तरबुजा, खरबुजा आदि मोटर साईकलमा ल्याई बेच्नेबाट | १५।- | |
| १८ | विभिन्न सँग सब्जी, कटहर, काँक्रा, तरबुजा, खरबुजा आदि रिक्सा टेलामा ल्याई बेच्नेबाट | २५।- | |
| १९ | विभिन्न सँग सब्जी, कटहर, काँक्रा, तरबुजा, खरबुजा आदि गोरु गाडामा ल्याई बेच्नेबाट लिने | ५०।- | |
| २० | विभिन्न सँग सब्जी, कटहर, काँक्रा, तरबुजा, खरबुजा आदि टायर गाडामा ल्याई बेच्नेबाट लिने | ७५।- | |
| २१ | विभिन्न सँग सब्जी, कटहर, काँक्रा, तरबुजा, खरबुजा आदि ट्र्याक्टरमा ल्याई बेच्नेबाट लिने | १५०।- | |
| २२ | विभिन्न सँग सब्जी, कटहर, काँक्रा, तरबुजा, खरबुजा आदि ट्रकमा ल्याई बेच्नेबाट लिने | २५०।- | |
| २३ | विभिन्न सँग सब्जी, कटहर, काँक्रा, तरबुजा, खरबुजा आदि प्रति भंङ्गामा ल्याई बेच्नेबाट | १५।- | |
| २४ | विभिन्न सँग सब्जी, कटहर काँक्रा, तरबुजा, खरबुजा आदि प्रति वोरामा ल्याई बेच्नेबाट लिने | १०।- | |
| २५ | विभिन्न सँग सब्जी, कटहर, काँक्रा, तरबुजा, खरबुजा आदि प्रति ढक्कीमा ल्याई बेच्नेबाट लिने | ५।- | |
| २६ | दर्ता भएको ठेलामा फलफुल, तरकारी, चिया, नास्ता, भुजा, अण्डा बिक्री गर्ने सँग लिने प्रति दिन | २५।- | |
| २७ | दर्ता नभएको ठेलामा फलफुल, तरकारी, चिया, नास्ता, भुजा, अण्डा बिक्री गर्ने सँग लिने प्रति दिन | ५०।- | |
| २८ | जुता चप्पल बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | २५।- | |
| २९ | गुँड, (शखर) अथवा कंकड तमाखु बेच्नेबाट लिने प्रति मन | २०।- | |

लहान नगरपालिका नगर कार्यपालिकाको कार्यालय लहान, सिरहा मधेश प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| ३० | फुटपाथमा रहने हलुवाई, चक्कु, हंसिया, खुर्पि, खुम्चा, जाँतो सिलौटो पसल एकको प्रति दिन लिने | १५।- | |
| ३१ | न.पा.मातहतको टहरो न.पा.ले बहालमा नदिई उपलब्ध गराएको सार्वजनिक स्थानमा गन्जी, गम्छा, तथा तयारी लुगा बेच्ने पसल एकको लिने प्रति दिन | ५०।- | |
| ३२ | हटिया र फुटपाथमा बिक्री हुने नांग्लो थान-१ | ५।- | |
| ३३ | फुटपाथमा माटोको भाँडा राखीबेच्ने पसल (बढीमा ५० बर्ग फिट) को लिने प्रति दिन | २५।- | |
| ३४ | फुटपाथमा रहेको टहरो/सानो पसल, कपाल, दाह्री, काट्ने पसल एकको लिने प्रति दिन | १०।- | |
| ३५ | खेलचटक, तमासा इत्यादि गर्ने जडिबुटी तथा सो सरहको सामान (माइक नराखी) बेच्नेबाट लिने प्रति दिन | १०।- | |
| ३६ | सार्वजनिक जगगामा कांटा राखी गल्ला खरीद बिक्री गर्ने संग लिने प्रति दिन | ५०।- | |
| ३७ | न.पा.क्षेत्रमा माइक राखी प्रचार प्रसार गर्ने जडीबुटी बेच्ने पसल संग लिने प्रति दिन | ५०।- | |
| ३८ | पाटको डोरी सिक अथवा साबेको डोरी बेच्ने पसल एकको प्रति | ५।- | |
| ३९ | ठूलो माछा ठूलो पसल एकको प्रति दिन | १००।- | |
| ४० | ठूलो माछा सानो पसल एकको प्रति दिन | ५०।- | |
| ४१ | अन्य जंगली माछा घुँगी, सितुवा पसल एकको (पसल हेरी) बढीमा प्रति दिन | २५।- | |
| ४२ | ठूलो माछा बिक्री गर्ने ब्यापारी संग लिने प्रति मन | २००।- | |
| ४३ | सिधा माछा थोक विक्रि गर्ने बाट लिने प्रति मन | ३००।- | |
| ४४ | सिधा माछा ठूलो विक्रि गर्ने बाट लिने प्रति दिन | ३०।- | |
| ४५ | सिधा माछा सानो खाले विक्रि गर्ने बाट लिने प्रति दिन | २०।- | |
| ४६ | रांगा काटि मासु बेच्नेबाट लिने प्रति गोटा | ५०।- | |
| ४७ | खसी काटी वा बाहिरबाट काटी ल्याई बिक्री गर्नेबाट लिने प्रति गोटा | २५।- | |
| ४८ | सुंगुर जिवित वा काटेर अथवा घरैबाट काटेर ल्याई मासु बेच्नेबाट लिने प्रति गोटा | २५।- | |
| ४९ | वाँस वति प्रति गाडा बेच्नेबाट लिने | २५।- | |
| ५० | जंगली वाँस ( कोरो) टाउकोमा बोकी ल्याई बिक्री गर्ने संग लिने | १०।- | |
| ५१ | जंगली वति टाउंकोमा बोकी ल्याई बिक्री गर्ने संग लिने | ५।- | |
| ५२ | दाउरा साईकलमा बोकी ल्याउने सँग लिने प्रति साईकल | ७।- | |
| ५३ | दाउरा टाउकोमा बोकी ल्याउने सँग लिने प्रति बोझा | ५।- | |
| ५४ | प्याजको विउ प्रति ढकी विक्रि गर्ने सँग लिने | ५।- | |
| ५५ | प्याजको विउ प्रति बोरा विक्रि गर्ने सँग लिने | १०।- | |
| ५६ | केरा घरी-१ को | १०।- | |
| ५७ | मसाला सामान बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० वर्ग फिट) प्रति दिन लिने | ५०।- | |
| ५८ | बिभिन्न तरकारी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० वर्ग फिट) प्रति दिन लिने | ३०।- | |
| ५९ | चामल, च्युरा, पिठो आदि बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० वर्ग फिट) प्रति दिन लिने | ३०।- | |
| ६० | गुन्दरी, पटीया आदि बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ५० वर्ग फिट) प्रति दिन लिने | १००।- | |
| ६१ | फलफुल बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० वर्ग फिट) प्रति दिन लिने | ४०।- | |
| ६२ | खाटमा राखी नाक, कानमा लगाउने सामान बिक्रि गर्ने तथा नाक कान छेंडने संग लिने | ५०।- | |
| ६३ | खाटमा राखी दालमोट, भुजिया आदि बिक्री गर्ने संग लिने | ५०।- | |
| ६४ | अदुवा बिक्री गर्ने संग लिने प्रति मन | २०।- | |
| ६५ | साडी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ४० वर्ग फिट) प्रति दिन लिने | ५०।- | |

## ख. खसी बाखा हाटबजार सेवा शुल्क संकलन दर-रेट (वडा नं. ५ नयाँ बजार)

| क्र.स. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | खसी, बाखा, बोका, पाठा, पाठी प्रति थान विक्रेताबाट | १५०।- | |
| २. | खसी, बाखा, बोका, पाठा, पाठी प्रति थान क्रेताबाट | १५०।- | |

लहान नगरपालिका नगर कार्यपालिकाको कार्यालय लहान, सिरहा मधेश प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

## ग. विज्ञापन कर सेवा शुल्क संकलनका दर-रेट (नगरपालिका क्षेत्रभित्र)

| क्र.स. | विवरण | ईकाइ | २०८३/०८४ देखी लागु हुने दर रेट रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | डि.पि.एस.वोर्डहरुलाई | प्रति बर्ग फिट | १००।- | |
| २. | प्रचार प्रसार पर्चा पम्पलेट | प्रति पाना | १।- | |
| ३. | व्यापारिक होर्डिङ्ग बोर्डहरुको | प्रति बर्ग फिट | १००।- | |
| ४. | व्यापारिक तथा व्यवसायीक प्रयोजनको फ्लेक्स | प्रति बर्ग फिट | २०।- | |
| ५. | कपडा तुल तथा फ्रेम नगरीएको फ्लेक्स व्यानर | प्रति तान प्रति पटक | २००।- | |
| ६. | व्यापारिक तथा व्यवसायीक प्रयोजनका लागि घर तथा पर्खालहरुमा लेखिएको प्रचार प्रसारहरु | प्रति बर्ग फिट | २५।- | |
| ७. | डिजिटल होर्डिङ्ग बोर्डहरु | प्रति बर्ग फिट | १००।- | |
| ८. | डि.पि.एस.वोर्डहरुलाई १० बर्ग फिट भन्दा साना एक भन्दा बढी वोर्ड राखे भएमा | प्रति बर्ग फिट | १००।- | |
| ९. | लाइट वोर्ड/ विद्युत पोल | प्रति बर्ग फिट | ५००।- | |
| १०. | मुख्य शहरी क्षेत्र सोलार पोलमा विज्ञापन गर्दा | वार्षिक | ३००।- | |
| ११. | एल.ई.डि. वोर्ड | प्रति बर्ग फिट | ५००।- | |
| १२. | घुम्ती प्रचार प्रसार अन्य व्यवसायीक बस्तु | प्रतिदिन | १०००।- | |
| १३. | मदिराजन्य बस्तुको विज्ञापन होर्डिङ्ग वोर्डहरु | प्रति बर्ग फिट | १००।- | |
| १४. | अन्य बस्तुहरुको विज्ञापनमा | प्रति बर्ग फिट | ४०।- | |

नोटः-

१. बैङ्क तथा वित्तिय संस्थाहरुको हकमा कार्यालय रहेको स्थानको एल.ई.डी. बोर्डहरुको प्रति बर्ग फिट रकम रु.२५०।— ले हुने ।

२. नगरपालिका क्षेत्रभित्र रहेका व्यवसायी/ संस्था/ फर्म तथा कम्पनीहरुले सामान्य रुपमा आफ्नो नाम/ परिचय अंकित राखिएको ३•३ को अर्थात ९ बर्ग फिटसम्मको सामान्य होर्डिङ्ग बोर्डको रकम लाग्ने छैन ।

३. नगरपालिकामा प्रत्येक वर्ष नविकरण गर्ने फर्म/ संस्था/ कम्पनीहरुले नविकरण गर्न आँउदा प्रत्येक वर्ष विज्ञापन कर नतिरेको खण्डमा फर्म/ संस्था/ कम्पनीको नविकरण गरीने छैन ।

लहान नगरपालिका नगर कार्यपालिकाको कार्यालय लहान, सिरहा मधेश प्रदेश, नेपाल

दुर्गा प्रसाद भुर्तेल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत